बैठक नं. १०

मितिः २०७७/०२/०१

समयः १:०० बजे

स्थानः कैलाश गाउँकार्यपालिकाको कार्यालय, मकवानपुर।

आज मिति २०७७/०२/०१ गते बिहिबारको दिन कैलाश गाउँपालिका अध्यक्ष श्री टंक बहादुर मुक्तानकोज्युको अध्यक्षता गाउँकार्यपालिकाको बैठक तपसिलको उपस्थितिमा बसि देहाय अनुसारको प्रस्तावहरु माथी छलफल गरी निम्नानुसारको निर्णय पारित गरियो।

उपस्थितिः

| | | |
|---|---|---|
| | श्री टंक बा. मोक्तान | अध्यक्ष, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| सुकमाया | श्री सुकुमाया थिङ्ग | उपाध्यक्ष, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री पेमा योन्जन | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री र।जेन्द्र तामाङ घिसिङ | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री देव लाल बल | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री तिलक बा. मोक्तान | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री छेकु लामा | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री ठुलो कान्छा लामा | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री उदास कु. भोलन | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री सुर्ज बा. थिङ्ग | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री सुमन लटौला | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री माणिकलाल मुक्तान | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री गोविन्द बि.क. | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री संगिता प्रजा | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री आशिष प्रजा | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री लक्ष्मी मुक्तान | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री फुल माया सिंतान | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री राम माया प्रजा | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री रामप्रसाद शर्मा | सदस्य-सचिव, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री सुरेश न्यौपाने | अधिकृत, कैलाश गाउँकार्यपालिका, मकवानपुर |
| | श्री प्रकाश राई | माइन्युट सहयोगी, कैलाश गाउँकार्यपालिका, मकवानपुर |

प्रमुख प्रशासकीय अधिकृत

कैलाश गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कालिकाटार, मकवानपुर
बागमती प्रदेश, नेपाल

प्रस्तावहरु

(१) प्रगती समिक्षा सम्वन्धमा ।
(२) राहत स्वरुप कामका लागी खाद्यान्न कार्यक्रम सम्वन्धमा तय ।
(३) प्रधानमन्त्री रोजगार कार्यक्रम सम्वन्धमा ।
(४) दैनिक ज्यालादारीमा कामकाज सम्वन्धमा ।
(५) वोलपत्र आव्हान सम्वन्धमा ।
(६) वोलपत्र स्वीकृत सम्वन्धमा ।
(७) आयोजना सिफारिस सम्वन्धमा ।

(८) मार्गदर्शन कार्यान्वयन सम्वन्धमा |

(९) विपद वजेट विनियोजन सम्वन्धमा ।

१०) रकमान्तर सम्वन्धमा ।
११) मर्मत रकमको भुक्तानी सम्वन्धमा ।
१२)व्याक हो लोडर र एम्वुलेन्स खरिद सम्वन्धमा ।
१३) रकम माग गर्ने सम्वन्धमा ।
१४) रकम भुक्तानी सम्वन्धमा ।
१४) विविध ।

निर्णय नं १

यस गाउँपालिका क्षेत्रमा विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोन भाइरस (कोभिड१९) को नियन्त्रणको प्रभावकारिता सम्वन्धमा छलफल भयो । उक्त महामारीलाइ अझ प्रभावकारी रुपमा नियन्त्रण गर्न अझ उच्च सर्तकता अपनाइ न्यूनिकरणका उपायाहरु अवलम्वन निर्णय गरियो ।

निर्णय नं २

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोन भाइरस (कोभिड१९) को कारण रोजगारी गुमेका , रोजगारीको अभावमा खानाको समस्यामा परेका व्यक्तिहरुको लागी राहत स्वरुप सुविधा प्रदान गर्ने प्रयोजनको लागी असंगठीत क्षेत्रमा कार्यरत श्रमिक वर्गहरुलाइ लक्षित गरि जिल्ला कोरोना नियन्त्रण कार्यदलले तयार गरेको मार्गदर्शनको अधिनमा रहि तपशिलका योजना तथा कार्यक्रमको मर्मत संभारका लागी कामका लागी खाद्यान्न कार्यक्रम संन्चालन गर्ने निर्णय गरियो । साथै उक्त कार्यको लागी गाउँपालिकावाट कार्यविधि निर्माण गरि कार्यविधि अनुसार कार्य संचालन गर्ने निर्णय गरियो ।

टंक बहादुर मुक्तान
अध्यक्ष

तपशिल

(क) सडक अन्तर्गत : , सडक मर्मत, नाली निर्माण गर्ने , ग्यावीन भर्ने , ग्राभेल गर्ने ,

(ख) खानेपानी अन्तर्गत : पाइपलाइन निर्माण गर्ने , ट्याङ्की निर्माण गर्ने , मर्मत गर्ने धारा निर्माण र मर्मत गर्ने

(ग) सिंचाइ अन्तर्गत : सिंचाइ कुलो, मर्मत गर्ने निर्माण गर्ने ,

घ) सरसफाइ सम्वन्धी कार्यक्रम

ङ) विद्यालय र स्वास्थ्य चौकी मर्मत सम्वन्धी कार्य ,

च) वन तथा वातावरण संरक्षण ,नदी नियन्त्रण , वृक्षारोपण सम्वन्धी कार्य ,

निर्णय नं ३

यस गाउँपालिकामा आ.व २०७६।२०७७ सालको स्वीकृत प्रधानमन्त्री रोजगार कार्यक्रमलाइ तत्काल सूचारु गरि कार्यक्रमलाइ राहत सँग जोडी कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं ४ :

यस गाउँपालिकाको सवारी साधनको संचालनको लागी यसै गाउँपालिका वडा नं ३ वस्ने राजकुमार ओझालाइ अर्को व्यवस्था नभए सम्मको लागी दैनिक ज्यालादारीमा कामकाजमा लगाउने निर्णय गरियो साथै निजलाइ कामकाज गरेको अवधि देखिको जिल्ला दररेट अनुसारको रकम उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं ५ :

यस गाउँपालिकामा रहेका तपशिलमा उल्लेखित योजनाहरुको गाउँपालिकावाट निर्माण गरिने आधारभुत स्वास्थ्य सेवा केन्द्र र खानेपानी आयोजनाको डिपिआर तयार गर्ने प्रयोजनको लागी सम्झौता भएको पंच्चकोशी इन्जिनियरिङ्ग कन्सटक्सन एन्ड डिजाइनर्स प्रा.ली ले पेश गरेको डिपिआर प्रतिवेदन स्वीकृत गर्ने र उक्त आयोजनाहरुको वोलपत्र र सिलवन्दी दरभाउपत्र आव्हान गर्ने निर्णय गरियो । साथै यस गाउँपालिका अर्न्तगतका ६ वटा आधारभुत स्वास्थ्य सेवा केन्द्र र वडा नं ५ को खानेपानीको डिजाइन तथा ल.इ तयार गर्नै परामर्शदातालाइ आयोजनाको कुल विनियोजित रकमको ३ प्रतिशत छुटाइ हुने रकम वाट भुक्तानी गर्ने निर्णय गरियो ।

तपशिल

(क) वडा नं २,४,६,८,९,१० का आधारभुत स्वास्थ्य सेवा केन्द्र भवनहरु ।

(ख) वडा नं ४ को लागी सरसफाइ सम्वन्धी सामाग्री खरिद ।

(ग) यस गाउँपालिकाका रहेका ५ वटा माध्यामिक विद्यालयहरुको लागी चाहिने विज्ञान प्रयोगशालाका सामाग्रीहरु । वोलपत्र घटाघटवाट वचत हुन आएको रकम रत्न ज्याति मा.वि मा प्रयोगशालामा खर्च गर्ने निर्णय गरियो ।

(घ) वडा नं ३ मा रहेको कृर्षि भवन मर्मतको सिलवन्दी दरभाउपत्र सम्वन्धमा ।

निर्णय नं ६ :

यस गाउँपालिका कार्यालयको प्रशासनिक भवन निर्माण सम्वन्धमा मिति २०७६ साल माघ ७ गते राजधानी दैनिक प्रत्रिकामा प्रकाशित सूचना अनुसार यस कार्यालयमा दर्ता हुन आएका वोलपत्र मध्ये प्राविधिक रुपमा सफल र आर्थिक प्रस्तावमा सवै भन्दा कम कवोल गर्ने रविना अभिसा जेभिले कवोल गरेको रकम सवै भन्दा कम पेश गरेकोले उक्त फर्मको स्वीकृतिको लागी आशय पत्र प्रकाशित गर्ने निर्णय गरियो ।

निर्णय नं ७ :

यस गाउँपालिका तपशिलमा उल्लेखित विद्यालयहरुको खानेपानी , भवन निर्माण सम्वन्धमा जिल्ला आयोजना कार्यान्यन इकाइमा सिफारिस गर्ने निर्णय गरियो ।

तपशिल

(क) कालिका मा.वि नामटार कैलाश ९ , खानेपानी निर्माण योजना

(ख) व्यास मा.वि पकनी कैलाश ६ खोनपानी , निर्माण योजना

(ग) कमलादेवी मा.वि कैलाश २ खानेपानी निर्माण योजना

(घ) रत्नज्योति निमा.वि मर्याडकोट कैलाश १०खानेपानी निर्माण योजना

(ङ) वाग वत्सला मा.वि कैलाश ६ खानेपानी निर्माण योजना

(च) शक्तिशालि आधारभुत विद्यालय कैलास ७ खानेपानी निर्माण योजना

(छ) शारदा आधारभुत विद्यालय कैलाश ३ भवन निर्माण योजना

(ज) धुवाङ्ग मा.वि भवन निर्माण कैलाश ८ भवन र खानेपानी निर्माण योजना

(झ) भवानी मा.वि कैलाश ३ नयाँ भवन र खानेपानी निर्माण योजना

(ञ) शिलकन्या आ.वि ६ कैलाश खानेपानी निर्माण योजना

(ट) प्रजाउत्थान आ.वि कैलाश ४ भवन निर्माण निर्माण योजना

निर्णय नं ८ :

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरसका कारण देश लामो लकडाउनमा रहेका कारण विकाश निर्माण र सेवा प्रवाहको क्षेत्रमा नकारात्मक प्रभाव परीरहेको सन्र्दभमा जिल्ला कोरोना नियन्त्रण कार्यदलले तयार गरेको मार्ग दर्शनलाइ आधार मानि सोहि वमोजिमको मार्गदर्शन अनुरुप गाउँपालिकाको विकास निर्माण तथा सेवा प्रवाह गर्ने निर्णय गरियो ।

निर्णय न ९

हाल विश्वव्यापी महामारीको रुपमा फैलिरहेको नोभोल कोरोना भाइरस ( कोभिड १९) र अन्य महामारी र विपदलाइ व्यवस्थापनको लागी विपद व्यवस्थापन कोषमा जम्मा भएको कुल रकमलाइ तपशिल वमोजिम विनियोजन गर्ने निर्णय गरियो ।

तपशिल

| क.सं. | खर्च संकेत नं. | खर्च शिर्षक | बजेट अनुमान | कैफियत |
|---|---|---|---|---|
| १ | २२२१२ | इन्धन | १५०००० | |
| २ | २२४१९ | अन्य सेवा शुल्क | २५०००० | थप जनशक्ति व्यवस्थापन र अन्य |
| ३ | २७१११ | सामाजिक सुरक्षा | ३२००००० | खाद्यान्न सामग्री खरिद |
| ५ | २७२१३ | औषधी खरिद | १२००००० | औषधी तथा स्वास्थ्य सामग्री, साबुन समेत |
| ७ | २८१४३ | सवारी तथा मेशिनरी औजार भाडा | ५००००० | |
| ८ | २२७११ | विविध | ३००००० | |
| ९ | २१११३ | स्वास्थ्य सामाग्री खरिद | ७००००० | |
| जम्मा | | | ६३००००० | |

निर्णय नं १०

यस गाउँपालिकाको पाचौ गाउँ सभावाट तलव शिर्षकमा विनियोजन भएको रकम शिर्षकवाट रकम नपुग हुने प्रोत्साहन भत्ता शिर्षकमा २५००००० पच्चिस लाख र अन्य सेवा शुल्क शिर्षकमा ४०००००० चालिस लाख मात्र रकममान्तर गर्ने निर्णय गरियो ।

निर्णय नं ११

यस गाउँपालिका वडा नं १ मा रहेको स्वास्थ्य चौकीको मर्मत कार्यको लागी ३५७८० रुपैया विद्युत वायरिङ्ग गर्दा लाग्ने खर्च र वडा नं ३ मा रहेको कटुन्जे स्वास्थ्य चौकीमा खर्च भएको रकम रु १२००० वाह्र हजार मात्र मर्मत संभार शिर्षकवाट भुक्तानी गर्ने निर्णय गरियो । साथै वडा नं ५ रहेको स्वास्थ्य चौकी रहेको स्थानको खतरा युक्त रुख कटानको लागी रु ८००० आठहजार मात्र मर्मत शिर्षकवाट खर्च गर्ने निणय गरियो ।

निर्णय नं १२

यस गाउँपालिकाको लागी एक थान व्याक हो लोडर र वडा नं १,२,५,६ को प्रयोजनको लागी एम्वुलेन्स थान एक खरिद गर्ने निर्णय गरियो । उक्त व्याक हो लोडर र एम्वुलेन्स खरिदको लागी विद्युत पोल , टान्सफरमर , तार खरिद र वितरण योजना ( ५१,२२,०००) एकाउन्न लाख वाइस हजार शिर्षकको रकमलाइ व्याक हो लोडर र एम्वुलेन्स खरिद गर्ने कार्यक्रम संसोधन तथा रकमान्तर गरि आगामी गाउ सभावाट अनुमोदन गर्ने हुने गरि खरिद प्रकृया अगाडी वढाउने निर्णय गरियो ।

निर्णय नं १३

यस गाउँपालिकाका कृषकहरुको सेवालाइ मध्येनजर गरि कृषि सामाग्री भण्डार गृहका लागी पचास लाख र खाद्य सुरक्षाका लागी खाद्यान्न भन्डारण केन्द्रका लागी रु पचास लाख मात्र प्रदेश सरकार सँग माग गर्ने निर्णय गरियो ।

निर्णय नं १४

यस गाउँपालिका वडा नं ४ चम्पाखानी हुदै लावती क्षेत्रका विपन्न चेपाङ्ग समुदायहरुले लकडाउनको समयमा वेरोजगार युवाहरुको स्व श्रमवाट १५०० मिटर सडक निर्माण गरेकोले उक्त सडकमा कामकाज गर्ने कामदारहरुलाइ खाना ,खाजा र आवश्यक सामाग्री खरिद गर्ने प्रयोजनको लागी रु ९०००० नब्वेहजार विपद व्यवस्थापन कोषवाट खर्च हुने गरि उपलब्ध गराउने निर्णय गरियो

निर्णय नं १५ विविध

क) यस गाउँपालिका वडा नं ३ निर्माण हुने कैलाश अस्पताल तथा गाउँपालिकाको प्रशासनिक भवन निर्माणको लागी घडेरी खन्ने कामको लागी गाउँपालिका तथा कैलाश अस्पतालको घडेरी तथा जालि निर्माण योजना कैलाश ३ लाई रकम रु १०००००० दश लाख मात्र भैपरी आउने पुँजीगत निर्माण।मर्मत।खरिदसँग सम्बन्धित खर्च शिर्षक ३१५११ बाट बजेट विनियोजन गर्ने निर्णय गरियो ।

ख) यस गाउँपालिका वडा नं ३ रहेको भवानी मावि विद्यालयलाइ र वडा नं १ मा रहेको श्री निमावी डाडाँखर्क कैलास १ को विद्यालयलाइ पाचौ गाउँ सभावाट रु ३ , ३ तिन तिन लाख विनियोजन भएकोमा प्रयोजन उल्लेख नभएकोले उक्त रकमलाइ भवानी मा.वि र श्री निमावी डाडाखर्क विद्यालयलाइ अनुदान शिर्षकमा खर्च हुने गरि अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

ग) यस गाउँपालिका अन्तर्गत वडा नं ३ रहेको कटुन्जे स्वास्थ्य चौकीमा रहेको एम्वुलेन्स चालकको पारिश्रमिक सम्वन्धमा २०७६ कार्तिक महिना देखि सम्फौतामा उल्लेख भएको रकम र अव उप्रान्त निजलाई २०७७ साल जेष्ठ १ गते देखि लागु हुने गरि दैनिक ज्यालादारीमा काममा लगाइ जिल्ला दररेट अनुसारकै रकम उपलव्ध गराउने निर्णय गरियो ।

घ) यस गाउँपालिका वडा नं ९ मा रहेको कालिका मा.वि नामटार विद्यालयको विविध कार्य संचालन गर्न लागी रु २९८००० दुइ लाख अन्ठानव्वे हजार मात्र वित्तिय समानिकरणको ठेक्का मार्फत संचालन हुने योजनाको ठेक्कावाट वचत भएको रकमवाट अनुदान दिने निर्णय गरियो ।

ङ) यस गाउँपालिकाको लागी तपशिल वमोजिमका कार्यविधिहरु स्वीकृत गर्ने निर्णय गरियो ।

A) विपतको समयमा काम गर्ने कर्मचारीहरुलाइ प्रोत्साहन उपलब्ध गराउने कार्यविधि २०७७

B) कामका लागी खाद्यान्न वितरण कार्यविधि २०७७

C) युवा लक्षित वाखापालन कार्यक्रम संचालन कार्यविधि २०७७

D) सडक मर्मत संभारकर्ता कार्यविधि २०७७

च) यस गाउँपालिकाको पाचौ गाउँ सभावाट निर्णय भइ तपशिलमा उल्लेखित आयोजनाहरुलाइ आगामी गाउँ सभावाट अनुमोदन हुने गरि संशोधन गर्ने निर्णय गरियो ।

१) देखारी सडक योजना भएको रकम रु ५ लाखलाइ रतुवा तामलाङ्ग सडक कैलाश ७

२) देखारी पर्यटन विकास पुर्वाधार निर्माण को रकम र २४२२०००लाइ देखारी पर्यटन मार्ग निर्माण कैलाश ७

टंक बहादुर भुजेल
अध्यक्ष

३) गोपेघारी इसिडी व्यवस्थापन शिर्षकको ७५ हजारलाइ प्रजा उत्थान प्रा.वि कैलाश ४ लाइ अनुदान उपलब्ध गराउने

४) प्रधानमन्त्री स्वरोजगार कार्यक्रम अन्तर्गत को वेल्टार सिंचाइ योजनाको ३२९६२३ लाइ टकुवा होतपुर पोटवाङ्ग सडक मर्मत शिर्षकमा लैजाने

५) वेल्टार सिंचाइको रु २ लाखलाइ चम्पाखानी लावती घोडेटो वाटो निर्माण योजनामा लैजाने कैलाश

६) खोलाखर्क वैकुन्ठ सडकको मर्मतको रु ४ लाखको योजनालाइ वोटटोल पोखरी चे सडक निर्माणमा कैलाश २

७) भुन्टीडाडाँ कैलाश सडक मर्मतको ५ लाखलाइ वैकुन्ठ सुन्दरनाङ्गी सडक निर्माणमा कैलाश २

८) गोगने स्वास्थ्य चौकी भवन घडेरी निर्माणको कार्यलाइ वोलपत्र वाट वचत रकमवाट रु ३७६००० तीन लाख छयात्तर हजार कैलाश ५

९) वलमटार सिंचाइ मर्मतको रु ३ लाख लाइ माथिल्लो दुवोखोला मरयाङ्गकोट सिंचाइ योजनामा कैलाश १०

१०) प्रधानमन्त्री स्वरोजगार कार्यक्रम अन्तगतको रु ३२९६२३ लाइ भाल्टार सिंचाइको रकमलाइ दुवोखोला रातामाटे सौराह घटेचौर सिंचाइ योजनालाइ २ लाख र वाँकी रकम रु १२९६२३ लाइ दुवो खोला छतिवन सिंचाइलाइ विनियोजन गर्ने कैलाश १०

११) गर्दुवा धाप सिंचाइ योजनाको रु १ लाख र गर्दुवा नामटार सिंचाइ योजनाको ३ लाख लाइ गर्दुवा ढाड सिंचाइ योजनालाइ २ लाख र लागु गैरी खेत सिंचाइ योजनालाइ २ लाख कैलाश ९

१२) घाट सुधार योजनाको रु ३ लाखलाइ कैलाश ५ लाइ कृण्णा निमावी घरेडी निर्माण योजनामा कैलाश ५ मा

१२) आलु पकेट क्षेत्रमा विनियोजन भएको रकम रु २ लाखलाइआलु भण्डारण भवन मर्मत योजनामा कैलाश ५

१३) दलित पँच्चेवाजा समुहको लागी पोशाक खरिद शिर्षकलाइ कैलाश ५ र वडा नं ९ को पञ्चे वाजा शिर्षकको रकमलाइ गाँउँपालिका कार्यालयले खरिद गरि उपलव्ध गराउने

१४) सुभप्रर्भात सहकारीको ३ लाख रकमलाइ सामुदायिक भवन निर्माण कैलाश ५ वाइसे डाडाँमा

१५) क्युरेनी खोलाखर्क सडक योजनाको २० लाखलाइ १) क्युरेनी विचटोल सडकमा रु ५ लाख २) नौले टोल वरभन्ज्याङ्ग सडकमा १० लाख ३) खोलाखर्क थिङ्गटोल सडकमा ५ लाख मा विनियोजन गर्ने निर्णय गरियो ।

टंक बहादुर भुस्तान
अध्यक्ष

छ) यस गाउँपालिकाको आ.व २०७६ । २०७७ सालमा संचालन भइरेहेका यस पुर्व सम्झौता भएका योजनाहरुको कार्य सम्पन्न गरि सक्नु पर्ने म्याद २०७७ साल अषाढ ७ गते सम्म थप गर्ने निर्णय गरियो

ज) यस गाउँपालिका कार्यालयवाट विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरसको प्रभावकारी नियन्त्रणका लागी खरिद गरिद गरिएका औषधी उपकरण र खाद्यान्न लगायतका सामाग्रीहरुको खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

झ) यस गाउँपालिका वडा नं १ वस्ने गौरीमाया थिङ्गको यही मिति २०७७ साल १ । १६ गते भिर वाट लडेर मृत्यू भएकोले निजलाइ रु ४० हजार र सोही वडामा वसोवास गर्ने वर्ष १७ को प्रताप मुत्तानलाइ मिति २०७६।१०।८ गते करेन्ट लागी घाइते भएकोमा निजलाइ ४० हजार मात्र) रकम उपलब्ध गराउने निर्णय गरियो